apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

● वर्षः १२ ● अंकः २४१ ● पृष्ठः ४ ● ३१ भदौ २०८३ बुधबार (16 September 2026, Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## जिल्ला प्रशासन कार्यालय सिरहामा टोकन बिक्रीबारे चेतावनी, रकम लिए कारबाही हुने

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ३० गते**




जिल्ला प्रशासन कार्यालय सिरहाले सेवाग्राहीलाई प्रदान गरिने निःशुल्क टोकन बिचौलियामार्फत बिक्री हुने गरेको सुनिनमा आएको भन्दै त्यस्तो गतिविधिमा संलग्न व्यक्तिमाथि कारबाही गर्ने चेतावनी दिएको छ।

कार्यालयले सूचना जारी गर्दै सेवा लिन आउने सेवाग्राहीले लाइनमा बसेर टोकन लिनुपर्ने व्यवस्था रहेको जनाएको छ । सेवाग्राहीहरू बिहानैदेखि लाइनमा बस्ने गरेका कारण कतिपय अवस्थामा निर्धारित समयभन्दा अगावै टोकन वितरण गर्नुपर्ने अवस्था आएको कार्यालयले स्पष्ट पारेको छ।

टोकन वितरणका क्रममा केही व्यक्तिले बिचौलियाको भूमिका निर्वाह गर्दै टोकन लिएर सेवाग्राहीलाई बिक्री गर्ने गरेको सुनिनमा आए पनि यस सम्बन्धमा हालसम्म कुनै औपचारिक गुनासो प्राप्त नभएको कार्यालयले जनाएको छ।

कार्यालयले टोकन बिक्री गरेको, टोकनबापत रकम मागेको वा सेवाग्राहीसँग पैसा लिएको पाइएमा तत्काल कार्यालयमा उजुरी वा जानकारी गराउन सेवाग्राहीलाई आग्रह गरेको छ। त्यस्ता गतिविधिमा संलग्न व्यक्तिमाथि प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गरिने कार्यालयले जनाएको छ।

जिल्ला प्रशासन कार्यालयले टोकन पूर्ण रूपमा निःशुल्क रहेको स्पष्ट पार्दै टोकन लिनका लागि कुनै शुल्क वा रकम तिर्न नपर्ने जनाएको छ । कसैले टोकनबापत रकम लिएको प्रमाणित भएमा सम्बन्धित व्यक्तिमाथि तत्काल कारबाही गर्नुका साथै सेवाग्राहीबाट लिइएको रकमसमेत फिर्ता गराउने व्यवस्था गरिने कार्यालयको भनाइ छ।

कार्यालयले सेवाग्राहीलाई बिचौलियाको प्रलोभनमा परी टोकन खरिद नगर्न र टोकनका लागि कुनै रकम नदिन विशेष आग्रह गरेको छ। त्यस्तो गतिविधिबारे जानकारी पाए तत्काल कार्यालयलाई सूचित गर्न आग्रह गर्दै प्रशासनले सेवा प्रवाहलाई पारदर्शी, सहज र व्यवस्थित बनाउन सेवाग्राहीको सहयोग आवश्यक रहेको जनाएको छ।

जिल्ला प्रशासन कार्यालय सिरहाका प्रशासकीय अधिकृत सुरेश साहद्वारा जारी सूचनामा सेवाग्राहीको सहजताका लागि टोकन प्रणाली लागू गरिएको जनाउँदै टोकनका नाममा हुने भनिएको रकम असुली तथा बिचौलियाको गतिविधि नियन्त्रणमा कार्यालयले कडाइ गर्ने जनाएको छ।

## एम्बुलेन्सबाट १०५ किलो गाँजा बरामद, चालक फरार




**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ३० गते**

सिरहामा १०५ किलो गाँजा जस्तो देखिने पदार्थसहित प्रहरीले एम्बुलेन्स नियन्त्रणमा लिएको छ। एम्बुलेन्सका चालक भने फरार भएका छन्।

चोहर्वाबाट ज १ च १२१३ नम्बरको एम्बुलेन्समा गाँजा जस्तो देखिने पदार्थ बोकेर सिरहातर्फ ल्याउँदै गरेको गोप्य सूचना पाएपछि जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको टोलीले एम्बुलेन्सलाई पछ्याएको थियो।

बाँकी पृष्ठ ३ ▸▸

## विश्वकर्मा पूजाका लागि मूर्ति बनाउन भ्याइनभ्याइ



**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ३० गते**

विश्वकर्मा पूजा आउन दुई दिन मात्र बाँकी रहँदा सिरहाका मूर्तिकारहरूलाई विश्वकर्माको मूर्ति बनाउन भ्याइनभ्याइ भएको छ। पूजा नजिकिएसँगै मूर्ति खरिद गर्नेहरूको चहलपहलसमेत बढेको छ।

विश्वकर्मा पूजाका लागि मूर्ति बनाउन र बिक्री गर्न व्यस्त बनेका

बाँकी पृष्ठ २ ▸▸

## मोटरसाइकलको ठक्करबाट बालकको मृत्यु, चालक फरार

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ३० गते**

सिरहाको गोलबजार नगरपालिका-१३ दुर्गापुरमा मोटरसाइकलको ठक्करबाट बालकको मृत्यु भएको छ।

मंगलबार बिहान करिब ८ बजे दुर्गापुरस्थित लक्ष्मी मन्दिर नजिकै बाटो काट्ने क्रममा स्थानीय रामदयाल यादवका छोरा आयनस यादवलाई गोलबजारबाट दुर्गापुरतर्फ जाँदै गरेको प्रदेश २-०१-००१ प ६८५६ नम्बरको मोटरसाइकलले ठक्कर दिएको प्रहरीले जनाएको छ।

दुर्घटनामा शरीरका विभिन्न भागमा चोट लागेका बालकलाई उपचारका लागि लाइफ लङ हेल्थ केयर गोलबजार लगिएको थियो। अस्पतालमा इसिजी जाँचपछि चिकित्सकले बिहान ८:३० बजे उनलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी

बाँकी पृष्ठ ४ ▸▸

## सप्तरीबाट समातिए युवक, भारत लगेर अनुसन्धान




**अपन दैनिक संवाददाता**
**सप्तरी, भदौ ३० गते**

सप्तरीको बलान बिहुल गाउँपालिका-४ बेल्हीबाट घरमा सुतिरहेका एक युवकलाई सोमबार राति एक समूहले पक्राउ गऱ्यो । बेल्हीका २४ वर्षीय अभिनन्दन यादव राति १२ बजेतिर घरैबाट उठाएर लगेपछि ठूलै हल्ला मच्चियो।

अभिनन्दनका परिवारले बताए अनुसार, नचिनेका हतियारधारी समूहले उनलाई मध्यराति लगेका थिए । अभिनन्दनका बाबु विनोदका अनुसार, उनलाई पक्राउ गर्ने बेला घरका केही सदस्य सामान्य घाइते समेत भएका छन्। घटनाबारे नेपाल प्रहरीलाई जानकारी गराए पनि खासै चासो नदेखाएको आरोप परिवारको छ।

मध्यराति घरबाटै बेपत्ता पारिएको भन्ने आरोप लागेपछि यसबारे जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख तथा एसपी रूपक खड्कासँग अपन दैनिकले जिज्ञासा राखेको छ।

एसपी खड्काले बताए अनुसार उनी भारतीय प्रहरीको नियन्त्रणमा छन्। भारतीय प्रहरीका अनुसार, उनी गुडगाउँ स्टेशनमा भएको एउटा व्यक्ति हत्या घटनामा जोडिएका व्यक्ति हुन्।

त्यही घटनाको अनुसन्धानका लागि उनलाई पक्राउ गरेर भारत पुऱ्याइएको स्रोतका भनाइ छ । अभिनन्दनसँग भारतीय आधारकार्ड समेत रहेको दाबी भारतीय पक्षले गरेको छ।

स्थानीयले अहिले बेल्ही प्रहरी चौकी अगाडि प्रदर्शन गरिरहेका छन्।

## नक्कली भारुको कारोबार आरोपमा धनुषाकी 'चाची' लाई दशगजाबाट भारतीय प्रहरीले समात्यो

### श्रीमान पनि छन् भारतीय प्रहरीकै नियन्त्रणमा

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ ३० गते**







नक्कली भारतीय मुद्रा (भारु) कारोबारमा संलग्न धनुषाकी हिरादेवी महासेठ 'चाची' लाई भारतीय प्रहरीले पक्राउ गरेको छ। सोमबार राति करिब पौने १२ बजे नेपाल-भारतको दुहवी दशगजा क्षेत्रबाट उनलाई नियन्त्रणमा लिइएको हो।

धनुषा प्रहरी प्रवक्ता डीएसपी ओमप्रकाश खनालले भारतीय सुरक्षा निकायले नेपाल-भारतको दशगजा क्षेत्रबाट एक नेपाली महिलालाई नियन्त्रणमा लिएको पुष्टि गरेका छन्। उनले धनुषाको बिदेह नगरपालिका दुहवी निवासी हिरादेवी महासेठलाई भारतीय प्रहरीले नियन्त्रणमा लिएको बुझिएको बताए।

खनालका अनुसार केही समयअघि हिरादेवीका श्रीमान् भरत महासेठ नक्कली भारतीय रुपैयाँसहित बिहारमा पक्राउ परेका थिए । त्यही 'नेक्सस'मा हिरादेवीलाई पनि नियन्त्रणमा लिइएको हुनसक्ने आशंका उनको छ।

करिब एक महिनाअघि बिहारको मधुवनी जिल्लास्थित बासोपट्टी थाना क्षेत्रको दुहवी बजारमा विशेष कार्यदल (एसटीएफ) र सशस्त्र सीमा बल (एसएसबी)को संयुक्त टोलीले नक्कली भारतीय नोटको कारोबार हुँदै गरेको

बाँकी पृष्ठ ४ ▸▸

## कमला नदीमा बहाव बढ्न सक्ने भन्दै सिरहामा सतर्कता अपनाउन प्रहरीको आग्रह

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ३० गते**



सिन्धुलीस्थित कमला नदीमा पानीको बहाव बढ्दै गएपछि सिरहामा पनि नदीको बहाव बढ्न सक्ने सम्भावना रहेको भन्दै जिल्ला प्रहरी कार्यालय सिरहाले सतर्कता अपनाउन आग्रह गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाले मंगलबार सूचना जारी गर्दै कमला नदी आसपासका क्षेत्रमा बसोबास गर्ने सर्वसाधारणलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको हो।

प्रहरीका अनुसार सिन्धुलीस्थित कमला नदीमा पानीको बहाव बढ्दै गएकाले सिरहा र धनुषाको सीमामा रहेको कमला नदीमा समेत पानीको बहाव बढ्न सक्ने सम्भावना देखिएको छ। सम्भावित जोखिमलाई मध्यनजर गर्दै नदी किनार तथा आसपासका क्षेत्रमा विशेष सावधानी अपनाउन प्रहरीले अनुरोध गरेको छ।

नदीमा पानीको बहाव बढ्न सक्ने सम्भावनालाई ध्यानमा राख्दै नदी किनारमा नजान, बालबालिका तथा ज्येष्ठ नागरिकको विशेष ख्याल गर्न र जोखिमपूर्ण गतिविधि नगर्न जिल्ला प्रहरी कार्यालय सिरहाले आग्रह गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी निरीक्षक तथा निमित्त प्रवक्ता नरेश लिम्बुका अनुसार बाढी तथा नदीजन्य जोखिमबाट सुरक्षित रहन

बाँकी पृष्ठ ३ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### खानेपानी संकटको समाधान खोज

सिरहाको गोलबजार नगरपालिका-१२ बेतौनी-हरिहरपुरमा आँगनकै चापाकल सुकेपछि दुई बाल्टी पानीका लागि स्थानीयवासी घण्टौं लाइन बस्न बाध्य भएको छ। यो एउटा गाउँको मात्र नियति होइन। यो सिंगो तराई-मधेश क्षेत्रले व्यहोरिरहेको गम्भीर खानेपानी संकटको भयावह अवस्थाको संकेत हो। करिब दुई सय घरपरिवार एउटै छिमेकीको सबमर्सिबल पम्पमा निर्भर हुनुपर्ने परिस्थिति उत्पन्न हुनुले सुक्खा र खडेरीको असर कतिसम्म तल्लो तहसम्म पुगिसकेको छ भन्ने प्रस्ट पार्छ। यस संकटको जरो भनेको चुरे क्षेत्र र नदीजन्य सामग्रीको अनियन्त्रित र अव्यवस्थित मानवीय दोहनसँग जोडिएको छ। तराईको जीवनरेखा मानिने चुरे क्षेत्रको विनाश, पोखरी तथा परम्परागत जलाशयहरूको अतिक्रमण, र भूमिगत पानीको अत्यधिक दोहनले प्राकृतिक पुनर्भरण -रिचार्ज) प्रणालीलाई ध्वस्त पारिदिएको छ।

जलवायु परिवर्तनका कारण वर्षाको समय र ढाँचामा आएको फेरबदल र लामो खडेरीले स्थिति झनै नाजुक बनाएको छ। सिँचाइका लागि मोटर र दमकलको अनियन्त्रित प्रयोगले भूमिगत जलसतह निरन्तर तल धकेलिरहेको छ, जसको प्रत्यक्ष मार सर्वसाधारणको खानेपानीको अधिकारमा परेको छ। पानीको यो हाहाकार तत्काल समाधान नगरिए यसले भोकमरी, सामाजिक द्वन्द्व र ठूलो मानवीय संकटको रूप लिने निश्चित छ। चापाकल सुक्नु भनेको क्षणिक समस्या मात्र नभई सम्पूर्ण भूमिगत जलभण्डार नै रित्तिँदै गएको गम्भीर चेतावनी हो। त्यसैले अब परम्परागत र अस्थायी उपायमा अल्झिएर बस्ने छुट कसैलाई छैन्। यो संकट समाधानका लागि स्थानीय, प्रदेश र संघीय तीनै तहका सरकारबीचमा समन्वय र ठोस कार्ययोजना अपरिहार्य छ। जसका लागि तीन तहको सरकारले समन्वय गरी खानेपानीको संकटलाई समाधान गर्न तत्कालको राहतको रुपमा गोलबजार लगायत प्रभावित क्षेत्रमा ट्यांकर वा वैकल्पिक माध्यमबाट खानेपानीको तत्काल व्यवस्थापन गरिनुपर्छ।

चुरे संरक्षण र प्राकृतिक पुनर्भरणमा जोड दिनुपर्छ। चुरे क्षेत्रमा भइरहेको गिट्टी, बालुवाको अवैध उत्खनन तत्काल रोकी बृहत् वृक्षारोपण र रिचार्ज पोखरीहरूको निर्माणलाई प्राथमिकता दिनुपर्छ। त्यससँगै संरचनात्मक सुधारमा पनि अघि वढ्नुपर्छ। पुरानो पोखरी, कुवा र सार्वजनिक जलाशयहरूको संरक्षण तथा पुनरुत्थान गरिनुपर्छ। साथै, वर्षातको पानी संकलनलाई अनिवार्य बनाइनुपर्छ। जसले गर्दा भूमिगत जलको नियमनमा भूमिका खेल्न सक्छ। यससँगै खेतीपातीमा भूमिगत पानीको अव्यवस्थित दोहन रोक्न वैकल्पिक सिँचाइ -जस्तैः नहर, थोपा सिँचाइ) को पहुँच बढाउने र भूमिगत जल प्रयोगको मापदण्ड तोकिनु आवश्यक नै छ। यसले समाधान निकाल्न मद्दत मिल्छ। पानी जीवनको आधारभूत अधिकार हो। आज बेतौनीमा देखिएको संकट भोलि पूरै मधेश प्रदेशिमा फैलिन सक्छ। त्यसैले सरकार र नागरिक दुवै यसमा सचेत हुनुपर्छ। तीनै तहका सरकारले दीर्घकालीन पूर्वाधार र पर्यावरण संरक्षणलाई एकीकृत रूपमा अघि बढाउन सके मात्र मधेशमा थपिँदै गएको जलसंकटबाट नागरिकलाई जोगाउन सकिन्छ।

## विश्वकर्मा पूजाका लागि मूर्ति बनाउन ...........

स्थानीय मूर्तिकार रञ्जित पण्डितका अनुसार पछिल्ला दिनमा मूर्ति खरिद गर्नेको संख्या बढेसँगै पूजाको चहलपहलसमेत बढेको हो।

विश्वकर्मा पूजाका अवसरमा सवारीसाधनका धनी तथा विभिन्न कलकारखानामा विशेष उत्सवका रूपमा पूजा गर्ने गरिन्छ। पूजालाई लक्षित गर्दै जिल्लाका विभिन्न ग्रामीण तथा सहरी क्षेत्रमा स्थानीय मूर्तिकारहरूले माटोका विश्वकर्माका मूर्ति निर्माण गरी बिक्री गर्दै आएका छन्।

मूर्तिकार पण्डितका अनुसार विश्वकर्मा पूजालाई लक्षित गरेर स्थानीय कलाकारहरूले यस वर्ष पनि हजारौँ मूर्ति निर्माण गरेका छन्। मूर्तिको आकार, कलात्मकता र सजावटअनुसार प्रतिमूर्ति दुई हजारदेखि पाँच हजार रुपैयाँसम्ममा बिक्री हुने गरेको उनले बताए।

पूजा नजिकिएसँगै तयार भएका अधिकांश मूर्ति बिक्री हुन थालेकाले मूर्तिकारहरूलाई मागअनुसार थप मूर्ति तयार गर्नसमेत भ्याइनभ्याइ भएको पण्डितले बताए।

अपन दैनिक
❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# पालिका र प्रदेश चुनावलक्षित रास्वपा नेताः रवि, सुधन, सुनील र सोविताहरुले के-के बोले ?



✍ विराट अनुपम

रसुवाको भोटेकोसीमा बाढी आएलगत्तै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद, नेता, कार्यकर्ता मात्र होइन, सरकारले पनि स्थानीय तहले सहयोग नगरेको आरोप लगाएका छन्। १० भदौमा आएको बाढीपछि तहसनहस भएको रसुवा, नुवाकोट र धादिङका स्थानीय तहसँग तीन दिनसम्म संघीय सरकार समन्वयमा थिएन।

रसुवाको उत्तरगया गाउँपालिकाका प्रमुख माधव अर्यालले सामाजिक सञ्जालमा लेखेर नै स्थानीय तह र संघीय सरकारबीच समन्वय नभएको भन्दै चर्को आलोचना भएपछिमात्रै संघीय सरकारले संवाद गर्न थालेको हो। त्यसबाहेक यसबीचमा बागमती प्रदेश सरकारसँग पनि खास छलफल भएन। प्रदेशका मुख्यमन्त्री किरण थापाले प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन' नभई उनको सचिवालयका टिमसँग मात्रै छलफल गरे। त्यो पनि बाढी गएको झण्डै एक साता पुग्न लागेपछि।

रास्वपाको चुनावी वाचापत्र र पछिल्ला दिन उनीहरूले निर्वाह गरेको भूमिका हेर्दा स्थानीय तह र प्रदेशसभाको चुनाव उनीहरूको प्राथमिकतामा नहुनुपर्ने हो। रास्वपाले वाचापत्रमा दलविहीन स्थानीय तहको प्रस्ताव गरेको छ। अनि, प्रदेशसभाको विकल्पमा पनि उभिएको छ।

तर, पछिल्ला दिनमा भने रास्वपालाई स्थानीय चुनाव सबैभन्दा पहिले लागेको छ। त्यसको उदाहरण हो क्यान्डिडेट क्लब ।यस क्रममा रास्वपामा स्थानीय पालिकाले काम गर्न नसकेको सन्देश प्रवाहित पनि गर्न चाहेको छ। केन्द्रीय सरकारले नै काम गरेको सन्देश प्रवाहित गर्न सक्दा भोलिका दिनमा चुनावी एजेन्डा बनाउन सकिने रणनीति लिन खोजेको देखिन्छ।

बाढीको प्रकरणमा पनि त्यही देखिन्छ। जस्तो; प्रधानमन्त्री बालेन र स्थानीय पालिकासँग निरन्तर संवाद गर्ने संघीय मामिलामन्त्री प्रतिभा रावलबीच संवाद नै भएको थिएन। उनीहरूबीच संवाद हुँदा मन्त्री रावलले स्थानीय पालिकासँग समन्वयमा उद्धार तथा राहत वितरणमा सहजीकरण हुने सम्भावना देखिन्थ्यो।

हुन त रास्वपाको पहिलो महाधिवेशनमा प्रदेशसभा खारेजीको कुरा पनि उठेको हो। त्यस अर्थमा दलविहीन स्थानीय तहको परिकल्पना गरेको बेला उनीहरूलाई कमजोर बनाउने मुख्य रणनीति हुन्छ।

अहिलेकै अवस्थामा स्थानीय तह र प्रदेशसभाको चुनाव २०८४ सालमा हुनेछ। संविधान त स्थानीय तहको चुनाव ६ महिनाअघि सार्न पनि सकिने व्यवस्था रहेको छ।

संघ सरकारमा दुईतिहाइको जनमत लिएर बसेको रास्वपाले अहिले स्थानीय र प्रदेश तहमा आफ्नो वर्चस्व जारी राख्न खोजेको देखिन्छ। त्यसैअनुसार विभिन्न तह र तप्काबाट राजनीतिक मन्तव्य आउन थालेको छ। सभापति रवि लामिछाने, गृहमन्त्री सुधन गुरुङ, पूर्वाधार विकासमन्त्री सुनिल लम्साल, कानुनमन्त्री सोविता गौतमसम्मले स्थानीय र प्रदेश चुनावलक्षित राजनीतिक वक्तव्य दिएका छन्।

**भ्रष्टाचारका अखडा स्थानीय तह**

स्थानीय सरकारप्रति खासै खरो आलोचना नगर्ने रास्वपा सभापति रवि लामिछानेले पछिल्लो केही समयदेखि स्थानीय सरकारलाई लाञ्छना लगाउन थालेका छन्। ४ भदौमा रवि लामिछानेले संसदीय समितिको बैठकमै स्थानीय तह भ्रष्टाचारको अखडा भएको आरोप लगाएका हुन्।

राज्यव्यवस्था तथा सुशासन समितिको बैठकमा लामिछानेले भनेका थिए, 'हामी भ्रष्टाचारबारे केन्द्र, शीर्ष र राजनीतिक तहमा केन्द्रित हुन्छौं। तर, भ्रष्टाचार बढी स्थानीय तहमा हुँदो रहेछ। हामीले भ्रष्टाचार नियन्त्रणबारे समितिमा छलफल गर्दा पनि सिंहदरबार वा केन्द्रमा ९० प्रतिशत समय दिन्छौं भने स्थानीय तहमा १० प्रतिशत मात्र दिएका छौं, जहाँ तल्लो निकायमा भ्रष्टाचार बढी छ।'

लामिछानेले यो मन्तव्य स्थानीय तहको क्यान्डिडेट क्लबको हल्लाखल्ला चलेको बेलामा दिएका हुन्।

लामिछानेले यो कुरालाई ख्यालै नगरी सोलोढोलो रूपमा सबैभन्दा धेरै भ्रष्टाचार स्थानीय तहमा हुन्छ भनिदिए। यो चुनावी अभिव्यक्तिसँग जोडेर विश्लेषण भइरहेको छ। लामिछानेको अभिव्यक्तिपछि रास्वपाले क्यान्डिडेट क्लबअघि मात्रै सारेको छैन, चुनावमा उठ्न चाहनेहरूको मापदण्ड पनि तय गर्दै छ। र, योग्यताको निर्धारणसहित उम्मेदवारको अनुहारको पनि खोजी गर्न थालेको देखिन्छ।

**दोषजति पालिकालाई**

२६ असारमा संसदमा तीन तहको सरकार भएको भन्दै संसदमा गृहमन्त्री सुधन गुरुङले उल्लेख गरेका थिए। त्रिपुरेश्वरमा आत्मदाह प्रयास गरेका गणेश नेपाली प्रकरणमा सरकारको चर्को आलोचना भएपछि मन्त्री गुरुङ स्थानीय तहले काम नगरेको आरोप लगाए। घटना काठमाडौं महानगरपालिकाका कारण भएको भन्दै उनले आरोप त्यतैतिर सोझ्याएका थिए।

अर्थात्, त्यस दिन गुरुङले पालिकाका नगर प्रहरीका कारण घटना भएको भन्दै संघ सरकारको दोष नरहेको भन्न खोजेका थिए।

अर्थात् नेपालीमाथि महानगर प्रहरीले फुटपाथ मिचेको नाममा गरिएको ज्यादती सही थियो भन्ने तर्क गरिएको थियो। त्यतिबेला गुरुङले स्थानीय तह आफूहरूको नभएको कारणले पनि काम नभएको आशय व्यक्त गरेका थिए। जसले गर्दा आउने चुनावमा आफ्नो पार्टीलाई जिताए काम हुने सन्देश दिन पनि मन्त्री गुरुङले त्यतिबेला बोलेको विश्लेषण भइरहेको छ।

रसुवा बाढीले स्थानीय तह तहसनहस भए। संघ सरकारले उद्धारमा विलम्ब गरेको व्यापक गुनासो आयो। खासगरी सुरुङको मुद्दाले त संघ सरकारको कार्यक्षमतामा व्यापक प्रश्न ल्यायो। तर,भौतिक पूर्वाधार विकास तथा यातायातमन्त्री सुनिल लम्सालले भने आफूतर्फ आएको बल स्थानीय र प्रदेशतर्फ फर्काएर वडा, पालिकाहरू 'अटोमेटिक एक्टिभेट' हुनुपर्ने तर नभएको दाबी गरे।

खासमा बाढीमा स्थानीय तह आफैँ संकटमा परेका थिए। उनीहरूको पदाधिकारी र कर्मचारीहरू बाढीमा बेपत्ता भएका थिए। त्यो संकट र सकसमा रहेका पालिकालाई ढाडस दिनुको साटो मन्त्री लम्सालले आरोपको खेल खेलेका थिए।

१६ भदौमा अर्थ मन्त्रालयमा भएको छलफल कार्यक्रममा लम्सालले थप आरोप लगाएका थिए। उनले आफैँ एक्टिभेट नभएको भन्दै 'सीडीओ कार्यालयहरू'लाई पनि आरोपित गरेका थिए।

**राष्ट्रियसभालाई दोष, जेन-जीसँग भावुकता**

रास्वपा सरकारमा रहेका मन्त्रीमा कम विवादमा आउने एक हुन् सोविता गौतम। तर, २३ भदौको एक कार्यक्रममा भने उनी विवादमा आइन्। राष्ट्रियसभामा रास्वपा नभएकाले कानुन बनाउन सकस भएको तर्क गरिन्।

उनले नयाँ बानेश्वरको पुरानो संसद भवन परिसरबाट भनिन्, 'मैले यहाँहरूलाई हामीसँग के छ के छैन भन्दिनँ। प्रतिनिधिसभामा निर्वाचनबाट निर्वाचित तपाईंहरूले छानेका मानिसहरू हुनुहुन्छ। अब अरु ठाउँमा को हुनुहुन्छ, कसले सहयोग गर्नुभयो, कसले सहयोग गर्नुभाछ, कसले सहयोग गर्नु भा'को छैन, त्यो तपाईंहरूले मूल्यांकन गरिरहनुभएको होला। सरकारका अप्ठ्याराहरू पनि तपाईंहरूले हेरिरहनुभएको होला। एक दिन पक्कै आउनेछ, त्यो दिन तपाईंहरूले छानेका सबै ठाउँहरूमा हुनुहुनेछ। तपाईंहरूले चाहेजस्तै कानुन निर्माणको यात्रा सजिलो हुनेछ।'

राष्ट्रियसभाले असहयोग गरेर कानुन बन्न असहज भएको जस्तो तर्क गरिन् कानुनमन्त्री गौतमले। राष्ट्रियसभामा उनको चर्को विरोध भएपछि माफी मागिन्। राष्ट्रियसभाका सदस्यको चयन संघसहित प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरूको पनि मतबाट हुन्छ।

स्थानीय तहबाट भने प्रमुख र उपप्रमुखबाट मत अधिकार प्रयोग हुन्छ। रास्वपा नेताले त्यो सबै आगामी स्थानीय तह र प्रदेश तहको चुनावलक्षित राजनीतिक भाषण गरेको टिप्पणी भइरहेको छ।

हुन पनि सरकारले धेरै संविधान निकायहरू रिक्त रहेको बेलामा निर्वाचन आयोग मात्रै पदपूर्ति गरेको छ। आयोग गठनमा हतारो गर्नुलाई कतिपयले सरकार चुनाव पनि अघि सार्न खोजिरहेको विश्लेषण गर्छन्। २०८४ वैशाखमा स्थानीय तहको चुनाव गर्नुपर्ने हुन्छ। त्यसलाई ६ महिना अघि सार्न सकिने सवैधानिक व्यवस्था रहेको छ। त्यस कारण, सरकारले केही अघि सारेर स्थानीय तहको चुनाव गराउने सक्ने आकलनमा चाहिँ रास्वपाले क्यान्डिडेट क्लब बनाउनुले पनि बल दिएको छ।

## आजको राशिफल

**मेष :** व्यवसायमा फाइदा हुनेछ। शिक्षा, स्वास्थ्यमा सुधारका संकेत देखिनेछन्।

**बृष :** दिन राम्रो छ। गुम्न लागेको सम्पत्ति हात लाग्ने छ। पठनपाठनमा मन जानेछ।

**मिथुन :** दिन राम्रो छ। बोलीका कारण काम बन्नेछन्। शुभ कार्यमा सहभागी हुने अवसर मिल्नेछ।

**कर्कट :** दिन सामान्य छ। खर्च बढ्नेछ। आफूले गरेका काममा पश्चाताप हुनेछ। शत्रु बढ्ने दिन छ।

**सिंह :** दिन राम्रो छ। प्रतिभाको प्रदर्शन गर्ने दिन छ। व्यापार व्यवसायमा फाइदा हुनेछ।

**कन्या :** तपाईंका लागि आजको दिन सामान्य छ। परिवारमा कामको बोझ थपिनेछ। अनावश्यक खर्च बढ्नेछ।

**तुला :** दिन राम्रो छ। धर्मकर्ममा मन जानेछ। साथीभाइसँग भेट हुनेछ। मान प्रतिष्ठा बढ्नेछ।


**वृश्चिक :** दिन राम्रो छ। डुब्न लागेको धन उठ्ने दिन रहेको छ। सामाजिक र राजनीतिक क्षेत्रमा तपाईंको पहुँच बढ्नेछ।

**धनु :** दिन राम्रो छ। सोचेको काम बन्दा मन प्रशन्न बन्नेछ। राजनीति र सामाजिक क्षेत्रमा मन जानेछ।

**मकर :** दिन सामान्य छ। तपाईंले गरेको कामको जस अरुले लिनेछन्। राजनीतिमा वितृष्णा बढ्नेछ।

**कुम्भ :** दिन सामान्य छ। अनावश्यक यात्रामा नजानु राम्रो हुन्छ। अनावश्यक क्षेत्रमा सम्पत्ति र समय खर्च हुनेछ।

**मीन :** दिन सामान्य छ। मानसिक तनाव बढ्नेछ। स्वास्थ्यमा समस्या आउन सक्छ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**

जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# प्रधानमन्त्री कार्यालयको ध्यानाकर्षणपछि पनि बीपी साहको धर्ना जारी, सबैलामै राष्ट्रिय परिचयपत्रको माग

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ ३० गते**

धनुषाको सबैला नगरपालिकामा राष्ट्रिय परिचयपत्रको दर्ता तथा वितरण केन्द्र स्थापना गर्न माग गर्दै अभियानकर्ता बीपी साहले थालेको आन्दोलनप्रति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको ध्यानाकर्षण भएको छ।

सबैला नगरपालिकामै राष्ट्रिय परिचयपत्र दर्ता गर्ने व्यवस्था मिलाउनुपर्ने र तयार भइसकेका परिचयपत्रसमेत स्थानीय तहमै वितरण गर्नुपर्ने माग राख्दै साहले पटक-पटक धर्ना तथा दबाबमूलक कार्यक्रम गर्दै आएका छन्।

नगरवासीलाई राष्ट्रिय परिचयपत्र बनाउन जनकपुरधाम पुग्नुपर्ने बाध्यता रहेको भन्दै साहले स्थानीय स्तरमै सेवा उपलब्ध गराउन माग गरेका हुन् । उनका अनुसार यसबाट विशेषगरी वृद्धवृद्धा, एकल महिला तथा अपाङ्गता भएका नागरिकलाई थप आर्थिक तथा भौतिक समस्या भइरहेको छ।

साहले सुरुमा सबैला नगरपालिकाका मेयर करिराम यादवसँग मौखिक रूपमा माग राखेका थिए । माग सम्बोधन नभएपछि गत साउन २६ गते उनले नगरपालिकामा ज्ञापनपत्रसमेत बुझाएका थिए।

ज्ञापनपत्रपछि पनि पालिका स्तरमा राष्ट्रिय परिचयपत्र दर्ताको व्यवस्था नभएपछि साहले भदौ ९ गते नगरपालिका प्राङ्गणमा एकल धर्ना सुरु गरेका थिए। त्यसपछि भदौ १८ गते दोस्रो पटक धर्ना बसेका साह र मेयर यादवबीच चर्काचर्कीसमेत भएको थियो । माग सम्बोधन नभएपछि साहले भदौ २६ गते तेस्रो पटक धर्ना थालेका थिए।

स्थानीय तहबाट माग सम्बोधन नभएपछि साहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको 'हेलो सरकार' मा उजुरी दर्ता गराएका थिए। उजुरीपछि प्रधानमन्त्री कार्यालयले विषयमा ध्यानाकर्षण जनाउँदै आवश्यक कारबाहीका लागि सम्बन्धित निकायलाई पत्राचार गरेको साहले बताएका छन्।

'वृद्धवृद्धा, एकल महिला र अपाङ्गता भएका व्यक्तिको सामाजिक सुरक्षा भत्ता नरोकियोस् भन्नका लागि मेरो यो आन्दोलन हो,' साहले भने, 'राष्ट्रिय परिचयपत्र नभएकै कारण सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आवश्यक कार्ड नवीकरण हुन नसकेको अवस्था छ।'



राष्ट्रिय परिचयपत्रको अभावमा नगरवासीका बैंक खाता रोक्का हुने समस्या पनि देखिएको साहको दाबी छ। उनका अनुसार केही नागरिकको खाता रोक्का भइसकेको र अन्यको समेत रोक्का हुने अवस्था रहेको छ।

'मेयर साहेबले कि त आफ्नै हस्ताक्षरमा रोक्का भएका खाताहरू फुकुवा गराउने पहल गरिदिनुपर्‍यो, नभए पालिकाबाटै राष्ट्रिय परिचयपत्र दिलाउने व्यवस्था मिलाउनुपर्‍यो,' साहले भने।

राष्ट्रिय परिचयपत्रको आवश्यकता सवारी चालक अनुमति पत्र नवीकरण तथा नयाँ बनाउन र मतदाता परिचयपत्रलगायतका सेवामा समेत बढ्दै गएकाले स्थानीय तहमै यसको दर्ता तथा वितरणको व्यवस्था गर्नुपर्ने साहको माग छ।

प्रधानमन्त्री कार्यालयको ध्यानाकर्षणपछि सम्बन्धित निकायबाट माग सम्बोधनका लागि कस्तो पहल हुन्छ भन्ने विषयमा भने सबैलावासीको चासो बढेको छ।

# चट्याङ लागेर धानखेतमै बाबुछोरीको मृत्यु

**अपन दैनिक संवाददाता**
**राजविराज, भदौ ३० गते**

बोदे बरसाइन नगरपालिकाको अमरैयामा खेतमा काम गरिरहेका बाबुछोरीको चट्याङ लागेर मृत्यु भएको छ। ५५ वर्षीय भोला साह र उनकी १८ वर्षीया छोरी मधुकुमारी साहको धानखेतमा झार गोड्न पुगेका बेला मंगलबार चट्याङ लागेर मृत्यु भएको हो।

वर्षासँगै परेको चट्याङ लागेर उनीहरू खेतमै ढलेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायव उपरीक्षक (डीएसपी) हेमराज घिमिरेले जानकारी दिए। उनका

बाँकी पृष्ठ ४ ▶▶

# औषधि व्यवस्था विभाग वीरगन्जद्वारा गत वर्ष ४६ फार्मेसी बन्द, ६० निलम्बन

**अपन दैनिक संवाददाता**
**पर्सा, भदौ ३० गते**




औषधि व्यवस्था विभाग, प्रादेशिक कार्यालय वीरगन्जले आर्थिक वर्ष २०८३/२०८३ मा मधेश र बागमती प्रदेशका ४६ फार्मेसी बन्द, ६० वटा निलम्बन गरेको छ। कार्यालयले अनुगमनका क्रममा ती फार्मेसी मापदण्ड विपरीत सञ्चालन भइरहेको फेला पारेपछि कारबाही गरेको हो।

कार्यालयका सूचना अधिकृत रवि चौधरी थारुका अनुगमनका क्रममा ७२ फार्मेसीबाट दर्ता नभएका औषधि फेला परेका थिए । त्यस्तै लागु तथा मनोद्वीपक औषधिको रेकर्ड नराखेका ३४, उचित तापक्रममा भ्याक्सिनलगायतका औषधि सञ्चय नगरेका १५ र म्याद नाघेका औषधि सञ्चय गरेका ९ वटा फार्मेसी भेटिएका थिए। चिकित्सकका लागि उपलब्ध गराइने 'फिजिसियन स्याम्पल' संचय गरेका १३ वटा फार्मेसीसमेत अनुगमनका क्रममा फेला परेका छन्।

अनुगमनपछि अस्पतालतर्फ १४ र कम्युनिटीतर्फ ३५ गरी ४९ वटा फार्मेसी दर्ता प्रक्रियामा आएका छन्। कार्यालयको तथ्यांकअनुसार अनुगमनपछि ५ वटा मुद्दा दर्ता भएका छन्।

त्यस्तै कार्यालयमा विभिन्न विषयमा ५७ वटा उजुरी परेकोमा ४३ वटा उजुरी फर्स्योट गरिएको छ। बाँकी उजुरीमाथि आवश्यक प्रक्रिया अघि बढाइएको थारुले बताए।

कार्यालयले गत आर्थिक वर्षमा १५ वटा एलोपेथिक, १ आयुर्वेदिक र ३ वटा रिप्याकेजिङ उद्योगको पनि निरीक्षण गरिएको थियो। फार्मेसी अनुगमनका क्रममा दर्ता नगरी औषधिको कारोबार गर्ने, औषधिको अभिलेख नराख्ने, भण्डारणसम्बन्धी मापदण्ड पालना नगर्ने तथा म्याद गुज्रिएका औषधि राख्नेलगायतका कमजोरी भेटिएपछि कारबाही गरिएको छ।

कार्यालयको तथ्यांकअनुसार लागु तथा मनोद्वीपक औषधिको कारोबारमा आवश्यक अभिलेख नराख्ने फार्मेसी पनि उल्लेख्य संख्यामा भेटिएका छन्। यस्ता औषधिको बिक्री-वितरण तथा अभिलेखमा कडाइ गर्नुपर्ने भए पनि अनुगमनका क्रममा ३४ वटा फार्मेसीले रेकर्ड नराखेको पाइएको हो। यसैगरी गत आर्थिक वर्षको असार मसान्तसम्म कार्यालयले ७९ लाख ७३ हजार १५ रुपैयाँ राजस्व संकलन गरेको छ।

मधेश प्रदेशमा वीरगन्जसहितका जिल्ला तथा बागमती प्रदेशका विभिन्न जिल्लामा औषधि पसल, फार्मेसी र उद्योगको अनुगमन गर्दै आएको कार्यालयले अनुगमनबाट औषधिको गुणस्तर, बिक्री-वितरण र भण्डारणसम्बन्धी मापदण्ड पालना गराउन जोड दिएको उनले बताए।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

अपन दैनिक

## कमला नदीमा बहाव बढ्न ............

आवश्यक सावधानी अपनाउन सर्वसाधारणलाई अनुरोध गरिएको छ। उनले कुनै समस्या वा जोखिमको अवस्था देखिए तत्काल प्रहरीलाई जानकारी गराउनसमेत आग्रह गरेका छन्।

## एम्बुलेन्सबाट १०५ किलो गाँजा बरामद ............

प्रहरीका अनुसार मंगलबार राति करिब ८ बजे सिरहा नगरपालिका-१ स्थित हुलाकी सडकखण्डमा पुगेपछि चालकले एम्बुलेन्स छाडेर फरार भएका थिए । प्रहरीले एम्बुलेन्स नियन्त्रणमा लिएर जाँच गर्दा भित्र जुटका पाँचवटा बोरामा गाँजा जस्तो देखिने पदार्थ फेला परेको हो।

बरामद पदार्थ तौल गर्दा १०५ किलोग्राम रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । उक्त पदार्थसहित एम्बुलेन्सलाई जिल्ला प्रहरी कार्यालय सिरहामा ल्याएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी निरीक्षक तथा निमित्त प्रवक्ता नरेश लिम्बुका अनुसार फरार रहेका एम्बुलेन्स चालकको खोजतलास तथा पहिचान गर्ने कार्य भइरहेको छ।

बरामद पदार्थको प्रकृति तथा घटनाबारे आवश्यक अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।










# पेट्रोलियम पदार्थको मूल्य यथावत, निगमलाई पाक्षिक १ अर्ब ९१ करोड घाटा

अपन दैनिक संवाददाता
सिरहा, भदौ ३० गते

इण्डियन आयल कर्पोरेसन (आइओसी) बाट पेट्रोलियम पदार्थको खरिद मूल्य बढेर आए पनि नेपाल आयल निगमले खुद्रा बिक्री मूल्य यथावत् राख्ने निर्णय गरेको छ।

भोटेकोशी नदीमा आएको असाधारण बाढीका कारण सिर्जित कठिन परिस्थिति लाई मध्यनजर गर्दै सञ्चालक समितिको निर्णयअनुसार भदौ ३१ गते देखि लागू हुने गरी साविकको मूल्य नै कायम राखिएको हो।

मध्यपूर्वमा जारी युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा उतारचढाव आइरहेको छ। भदौ ३० गते आइओसीबाट प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलमा प्रति लिटर १२ रुपैयाँ ४० पैसा र डिजेलमा प्रति लिटर ४ रुपैयाँ ६८ पैसा बढेर आएको थियो।

सञ्चालक समितिको निर्णयपछि अब पेट्रोल, डिजेल तथा मट्टितेलको खुद्रा बिक्री मूल्य पहिलो वर्गका क्षेत्रमा प्रति लिटर १९७ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १९९ रुपैयाँ र तेस्रो वर्गमा २०० रुपैयाँ नै कायम रहनेछ। पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज पर्छन्।

दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौँ, पोखरा र दिपायल पर्छन्।

यसैगरी आन्तरिकतर्फको हवाई इन्धनको मूल्य प्रति लिटर २४९ रुपैयाँ र काठमाडौंतर्फ अन्तर्राष्ट्रिय हवाई इन्धनको मूल्य प्रति किलो लिटर १ हजार ६९७ अमेरिकी डलर कायम छ। १४.२ किलोग्रामको एलपी ग्याँसको मूल्य प्रति सिलिन्डर २ हजार ६० रुपैयाँ यथावत् राखिएको छ।




अन्तर्राष्ट्रिय बजारमा मूल्य निरन्तर वृद्धि भइरहँदा पनि खुद्रा बिक्री मूल्य समायोजन नगरिँदा निगमलाई पाक्षिक रूपमा १ अर्ब ९१ करोड ६९ लाख रुपैयाँ घाटा हुने देखिएको छ।

# बाढी प्रभावितको राहत तथा पुनर्स्थापनाका लागि आर्थिक सहयोग

अपन दैनिक संवाददाता
सिरहा, भदौ ३० गते



रसुवाको भोटेकोशीमा १० भदौमा आएको विनाशकारी बाढीबाट प्रभावितहरूको राहत तथा पुनर्स्थापनाका लागि सिराहको भगवानपुर गाउँपालिकाले साढे पाँच लाख रुपैयाँ बढी आर्थिक सहयोग गर्ने भएको छ।

विनाशकारी भोटेकोशी बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै पालिकाले उद्धार, राहत र सुरक्षित पुनःस्थापनाका लागि प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा पाँच लाख ५५ हजार पाँच सय ५५ रुपैयाँ उपलब्ध गराउने निर्णय गरिएको पालिका अध्यक्ष उग्रनारायण यादवले बताए। उनका अनुसार संघीय सरकारले गरेको निर्णय र आह्वानबमोजिम गाउँपालिकाअन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीहरूको तलबबाट कट्टा हुने गरी उक्त रकम कोषमा दाखिला गर्ने निर्णय गरिएको हो।

त्यसअघि कोषमा सिरहाको मिर्चैया नगरपालिका २५ लाख ५८ हजार रुपैयाँ, लहान नगरपालिका ११ लाख, गोलबजार नगरपालिका पाँच लाख ५५ हजार ५५५ रुपैयाँ, कल्याणपुर नगरपालिका पाँच लाख र सिरहा नगरपालिका पाँच लाख दाखिला गर्ने निर्णय गरेका थिए।

पछिल्लोपटक भगवानपुर गाउँपालिकासहित कोषमा जिल्लाका १७ पालिकामध्ये ६ पालिकाले ५६ लाख ६९ हजार ११० रुपैयाँ सहयोगको घोषणा गरेका छन्।

यसैबिच, जिल्लाका व्यापारी व्यवसायीहरूको पेसागत संस्था लहानस्थित जिल्ला उद्योग वाणिज्य संघले पनि भोटेकोशी बाढी प्रभावितहरूको राहत तथा पुनर्स्थापनाका लागि आर्थिक सहयोग उपलब्ध गराएको छ।

संघका अध्यक्ष प्रदीपकुमार गुप्ताका अनुसार संघले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा मंगलबार दुई लाख २२ हजार २२२ रुपैयाँको चेक दाखिला गरेको हो।

# गाउँगाउँमा सिंहदरबार होइन, भ्रष्टाचार पुग्यो : सांसद पन्त

अपन दैनिक संवाददाता
सिरहा, भदौ ३० गते

स्थानीय तहमा भ्रष्टाचार र बेथिति अनियन्त्रित बन्दै गएको भन्दै संसद्मा चिन्ता व्यक्त गरिएको छ। प्रतिनिधिसभाको मंगलबारको बैठकमा बोल्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद् बुद्धि प्रसाद पन्त (हरि) ले यसबारे सरकार गम्भीर नबने जनताले महसुस गर्ने गरी भनिएको 'गाउँगाउँमा सिंहदरबार' को नारा उल्टिएर 'गाउँगाउँमा भ्रष्टाचार' बन्ने चेतावनी दिएका छन्।

उनले स्थानीय सरकारहरूमा मौलाएको वित्तीय अनियमितता र भागबन्डा संस्कृतिका कारण जनतामा संघीय सरकारप्रति नै वितृष्णा बढ्न थालेको बताए। स्थानीय तहहरूले विकास निर्माणका मात्र नभई कर्मचारीको तलब र उपदान समेत भुक्तानी गर्न नसक्ने गरी ऋणमा डुबेको तथ्यांक प्रस्तुत गर्दै उनले भने, 'कतिपय पालिकाहरुमा जनप्रतिनिधि र कर्मचारीबीच भागबन्डा नमिल्दा बजेट प्रक्रिया नै अवरुद्ध छन्, त कतै बजेट पारित भएर पनि खाता सञ्चालन हुन सकेको छैन।'

मधेश प्रदेशको एकमात्र महानगरपालिका वीरगन्ज महानगरपालिका ले समेत कर्मचारीको तलब र उपदानबापतको ७३ करोड रुपैयाँभन्दा बढी रकम भुक्तानी गर्न नसक्दा कार्यरत तथा अवकाशप्राप्त कर्मचारीहरू मारमा परेको विषय सदनमा उठाइएको छ।

त्यस्तै, स्थानीय तहमा करार तथा ज्यालादारी कर्मचारी नियुक्तिदेखि ठेक्कापट्टासम्मका कामहरूमा पार्टी, नातागोता र व्यक्तिगत सम्बन्धका आधारमा मिलेमतो हुने गरेको व्यापक जनगुनासो रहेको सांसदले बताए। यस्ता नियुक्ति र सरुवाले शिक्षा र स्वास्थ्यजस्ता जनताका प्रत्यक्ष सरोकारका क्षेत्रहरू समेत अस्तव्यस्त बनेका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पर्ने कुल उजुरीमध्ये ५२ प्रतिशत उजुरी स्थानीय तहविरुद्ध मात्रै पर्ने गरेको तथ्यांक प्रस्तुत गरिएको छ। तर, एउटा मेयरको कार्यकालमा भएको भ्रष्टाचारको अनुसन्धान अर्को व्यक्ति मेयर बन्दासमेत पूरा नहुनुले वर्तमान न्यायप्रणाली र सुशासनमाथि नै गम्भीर प्रश्न उब्जाएको छ।

उनले आयोगलाई चुस्त, सक्षम र निष्पक्ष बनाउन आयुक्तदेखि अनुसन्धान अधिकृतसम्मका जनशक्ति निजामती समूहबाट भन्दा पनि



छुट्टै अख्तियार समूह बनाई खुला प्रतिस्पर्धाबाट ल्याउने व्यवस्था गर्नुपर्ने, स्थानीय सरकारहरूको कार्यसम्पादन मूल्यांकनका आधारमा राम्रो काम गर्ने पालिकालाई पुरस्कृत गर्ने र भ्रष्टाचारमा संलग्न पालिकाहरूको आवश्यकताअनुसार अनुदानसमेत रोक्नेसम्मका कडा र निर्मम विधि अपनाउनुपर्ने माग गरे।

# वैदेशिक रोजगारमा सीमित संस्थाको नियन्त्रण मान्य हुँदैन: श्रममन्त्री यादव

अपन दैनिक संवाददाता
सिरहा, भदौ ३० गते

युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले मलेसियाको एफडब्लूसीएमएस प्रणालीमा नेपालका केही वैदेशिक रोजगार व्यवसायी संस्थालाई मात्र सूचीकृत गरिएको विषयमा सरकारको चासो रहेको बताएका छन्।

मलेसियाका लागि कार्यवाहक राजदूत मोहम्मद फिरदौस अजमानसँग मंगलबार मन्त्रालयमा भएको भेटवार्तामा मन्त्री यादवले एफडब्लूसीएमएसमा केही इजाजतपत्र प्राप्त संस्थालाई मुख्य र सहायक संस्थाका रूपमा सूचीकृत गरिएको विषयमा सरकार गम्भीर रहेको बताएका हुन्।

मन्त्री यादवले संस्था सूचीकृत गर्ने मूल्यांकन प्रणाली र मापदण्ड नेपाल सरकारलाई आधिकारिक रूपमा उपलब्ध गराउन कार्यवाहक राजदूत अजमानसँग आग्रह गरेका छन्।



वैदेशिक रोजगार व्यवसायमा प्रतिस्पर्धा संकुचित हुने तथा सीमित संस्था वा समूहको नियन्त्रण कायम हुने कुनै पनि व्यवस्था कानुनी प्रावधान र द्विपक्षीय श्रम सम्झौताविपरीत हुने यादवले स्पष्ट पारेका छन्।

उनले सबै इजाजतपत्र प्राप्त वैदेशिक रोजगार व्यवसायी संस्थाका लागि समान अवसर, पारदर्शिता र निष्पक्ष प्रतिस्पर्धा सुनिश्चित हुनुपर्नेमा जोड दिएका छन्।

भेटमा केही सूचीकृत इजाजतपत्र प्राप्त संस्थाले एफडब्लूसीएमएस प्रणालीबाट बाहिरिन इच्छा देखाएको विषयमा समेत मन्त्री यादवले जानकारी गराएका थिए।

एफडब्लूसीएमएसमा संस्थाको सूचीकृत प्रक्रियासम्बन्धी विवाद समाधानका लागि जतिसक्दो चाँडो द्विपक्षीय कूटनीतिक परामर्श गर्नुपर्नेमा यादवले जोड दिएका छन्।

उनले मलेसिया सरकारसँग आवश्यक समन्वय र सहजीकरणका लागि पहल गर्न कार्यवाहक राजदूत अजमानलाई आग्रह गरेका छन्।

## नक्कली भारूको कारोबार आरोपमा धनुषाकी 'चाची' लाई ............

सूचनाको आधारमा छापा मारेको थियो। सोही क्रममा किराना सामग्रीको कारोबार गर्दै आइरहेका धनुषाको बिदेह नगरपालिकाका राजीव महासेठका बुबा भरत महासेठ र उनका सहयोगी शिवकुमार राउतलाई नियन्त्रणमा लिइएको थियो।

उनीहरू लामो समयदेखि विदेशीसँग मिलेर भारतीय नक्कली मुद्रा कारोबार गरिरहेको सूचना भारतीय प्रहरीसमक्ष पुगेको स्रोतको भनाइ छ। पहिले महासेठ र सहयोगी राउतसँग ५० हजार रुपैयाँ बराबरको नक्कली भारतीय नोट बरामद भएको थियो। सोही 'नेक्सस'मा भारतीय प्रहरीले राजीव महासेठकी आमा हिरादेवी महासेठ 'चाची' लाई नियन्त्रणमा लिएको भारतीय प्रहरीले बताएको छ।

एक भारतीय अनुसन्धान अधिकृतले बताएअनुसार लामो समयदेखि उनीहरू भारतीय नक्कली नोटको कारोबार गरिरहेको सूचना भारतीय प्रहरीसमक्ष थियो। यसैको आधारमा गत अगष्ट महिनामा विश्वसनीय सूचनाका आधारमा उनीहरूमाथि कारबाही अघि बढाइएको र ५०० सयको दरका ५० भारतीय रुपैयाँ बराबरका नक्कली नोट सहित पक्राउ गरेको ती अनुसन्धान अधिकृतको दावी छ।

जयनगरका डीएसपी सदानन्द कुमारले भरत र शिवलाई सार्वजनिक गर्ने क्रममा पक्राउ परेका व्यक्तिहरूसँग विभिन्न कोणबाट सोधपुछ भइरहेको र सञ्जालबारे पनि अध्ययन भइरहेको प्रतिक्रिया दिए। उनले नक्कली नोट कहाँबाट ल्याइएको र कुन-कुन क्षेत्रमा फैलाउने तयारी थियो भन्ने पत्ता लगाउन उनीहरूको मोबाइल फोन, सम्पर्क सूत्र र बैंकिङ कारोबारका कागजातहरू पनि जाँच भइरहेको बताएका छन्।

'महासेठ' परिवार नै शंकाको घेरामा 'चाचीको टोली' भनेर चिनिने महासेठको सिंगो परिवार नै अवैध कारोबारमा संलग्न रहेको आशंका छ। उनीहरूको परिवार प्रहरीसँगको लाइन मिलाउने, रकम दिने-लिने कार्यमा संलग्न रहेको अनुसन्धान अधिकृतहरूले दावी गरेका छन्।

अधिकृतका अनुसार राजीवकी आमा हिरादेवी महासेठ भारतबाट अवैध रूपमा 'ब्लेकिया'मार्फत भित्रिएको सामान कहाँ पुऱ्याउने, कसरी पुऱ्याउने भन्ने जिम्मेवारीमा छिन् भने बुवा भरत महासेठले भारतबाट सामान किनमेल गर्ने गरेका थिए। उनीहरूले मुख्यतः किरानाका विविध सामान ओसारपसार गर्ने गरेको प्रहरी रेकर्डमा छ। त्यसमा काजु, चिनी, रजनीगन्धा, मरिच, सुपारी, मदिरासहितका सरसामान छन्।

हीरादेवीका छोरा राजीव महासेठ पनि विवादित व्यक्ति हुन्। मधेश प्रदेशका धनुषा, महोत्तरी र सिरहाका नाकाहरू निर्बाध रूपमा खुला गराउन राजीवले माथिल्लो ओहोदाका प्रहरी अधिकारीहरूसँग 'लाइन मिलाउने' गरेको आरोप लाग्दै आएको छ। उनी हाल फरार रहेको प्रहरी स्रोतको दावी छ।

## मोटरसाइकलको ठक्करबाट बालकको ..........

निरीक्षक तथा निमित्त प्रवक्ता नरेश लिम्बुले जानकारी दिए।

प्रहरीका अनुसार दुर्घटनापछि मोटरसाइकल घटनास्थलमै रहे पनि चालक भने फरार भएका छन्। चालकको नाम, थर र ठेगाना तत्काल खुल्न नसकेको प्रहरीले जनाएको छ।

घटनाबारे थप अनुसन्धान तथा फरार चालकको खोजी र पहिचानका लागि प्रहरी परिचालन गरिएको छ।

## चट्याङ लागेर ...........

अनुसार कानुनी प्रक्रिया पूरा गरेर शव परिवारको जिम्मा लगाइएको छ। बाबुछोरीको मृत्युले अहिले गाउँ नै शोकमा डुबेको छ।

